# उपेक्षित उष्ण प्रदेशिय रोगहरुको स्थिति र विवरण

## बुद्धभूमि नगरपालिका

**कपिलवस्तु**

**लुम्बिनी प्रदेश**

**२०८१**

# शुभकामना मन्तव्य

नेपाल संघिय शासन प्रणालीमा परिणत भए संगै नेपालको संविधान २०७२ को धारा ३५ ले प्रत्येक नागरिकहरुलाई निःशूल्क आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवालाई मौलिक हकको रुपमा स्थापित गरिसकेको छ । यद्यपि हाम्रा धेरै नागरिकहरु विशेष गरी कुष्ठरोग, हात्तिपाइले, , डेंगी, सर्पदंश आदि जस्ता उपेक्षित उष्ण प्रदेशिय रोगहरुबाट प्रभावित भैरहका छन् । विशेष गरी कुष्ठरोग र हात्तिपाइले प्रभावितहरु आफै, परिवार र समाजबाट हुने लाञ्छलना तथा भेदभावका साथै प्रर्याप्त जानकारी नहुनुका कारण समाजमा यी रोगहरु लुकाउने र उपचारमा नआउनाले भित्र भित्रै फैलने दर उच्च हुने सम्भावना पनि त्यतिकै छ । यसै सन्दर्भमा यस पालिकाको वेवसाइटमा उपेक्षित उष्ण प्रदेशिय रोगहरुको स्थिति र विवरण सहितको प्रोफाइल प्रकाशन गरिएको छ । यस प्रोफाइलबाट आम समुदायका व्यक्तिहरुले उपेक्षित उष्ण प्रदेशिय १० वटा रोगहरुको विगत ३ बर्षको तथ्यांकगत विश्लेषणका साथै जनचेतना मूलक जानकारीहरु प्राप्त गर्नेछन् । जसले आगामी दिनहरुमा यस्ता प्रकारका रोगहरुबाट सचेत बनाई प्रकोप दरमा समेत कमि ल्याउने विश्वास गरेको छु ।

अन्त्यमा उपेक्षित उष्ण प्रदेशिय रोगहरुको स्थिति र विवरण २०८१ प्रकाशन गर्न उल्लेखनिय भूमिका निर्वाह गर्ने स्वास्थ्य शाखा र प्राविधिक सहयोग/सहकार्य गर्ने फेयरमेड फाउण्डेशन नेपाल र कालिका स्वावलम्बन सामाजिक केन्द्रको साझेदारीमा संचालित आधाभूत स्वास्थ्य परियोजना तथा सबै सरोकारवाहरु प्रति हार्दिक आभार सहित धन्यवाद दिन चाहन्छु ।

.................................

नगर प्रमुख

# उपेक्षित उष्ण प्रदेशिय रोगहरुको स्थिति र विवरण
# बुद्धभूमि नगरपालिका
# कपिलवस्तु
# लुम्बिनी प्रदेश
# २०८१

## बुद्धभूमि नगरपालिको संक्षिप्त परिचयः

शान्तिका अग्रदुत गौतम बुद्धको नामबाट नामाकरण गरिएको बुद्धभूमि नगरपालिका कपिलवस्तु जिल्लाको उत्तरी भागमा अवस्थित छ । नेपालको पुनर्संरचना गर्ने क्रममा स्थानीय तहको गठन गर्दा साविकका २ वटा नगरपालिकाहरु बुद्धवाटिका र भृकुटी नगरपालिका तथा साविकका ३ वटा गाउँ विकास समितिहरु मानपुर, महुवा र धनकौलीलाई मिलाएर यस नगरपालिकाको स्थापना २०७३ फागुन २६ गते भएको हो । यो नगरपालिका ऐतिहासिक, पुरातात्विक, सामाजिक, वातावरणीय तथा आर्थिक हिसाबले परापूर्वकाल देखि नै एक महत्वपूर्ण विशिष्ट स्थलको रुपमा परिचित हुँदै आएको छ । यस नगरपालिकाका पूर्वमा वाणगंगा र कपिलवस्तु नगरपालिका, पश्चिममा शिवराज नगरपालिका, उत्तरमा अर्घाखाँची जिल्लाको शितगंगा नगरपालिका तथा दक्षिणमा महाराजगंज तथा कपिलवस्तु नगरपालिका रहेका छन् । १० वटा वडा रहेको यस नगरपालिकाको कुल क्षेत्रफल ३६६.६७ वर्ग किलोमिटर छ र २०७८ सालको जनगणन अनुसार ७६५०७ कुल जनसंख्या रहेको छ । यो नगरपालिका कपिलवस्तु जिल्लामा रहेको १० वटा स्थानीय तहहरु मध्ये क्षेत्रफलको हिसाबले सबै भन्दा ठूलो र बसोबासको हिसाबले सबभन्दा कम जनघनत्व भएको नगरपालिका हो । यस नगरपालिकाको कृषिमा ९३०८.२ हेक्टर, वनजंगलमा २४८९१.५ हेक्टर, जलीयमा १६०९.५ हेक्टर, आवासमा ४७२.५ हेक्टर क्षेत्रफल रहेको छ ।

## उपेक्षित उष्ण प्रदेशीय रोगहरू

## परिचय

उपेक्षित भन्नाले सामान्यतः वास्ता नगरिएको, हेला गरिएको भन्ने बुझिन्छ । यी रोगहरूलाई उपेक्षित भन्नुका कारण संसारभर नै यी रोगहरूको सम्बन्ध गरीबीसँग छ र अन्य रोगहरू जत्तिकै ध्यान दिइएको छैन। यीरोगहरूहको भार गरीबीको रेखामुनी रहेका मानिसहरूमा देखिनुका साथै राजनीतिक प्रतिबद्धता कम भएका कारण जनस्वास्थ्यका हिसाबले प्राथमिकता प्राप्त गर्न नसकेको अवस्था छ। यी रोगहरूको सही तथ्याङ्कोअभाव तथा नामका कारण पनि छाँयामा परेको पाइएको छ।

उष्ण प्रदेशीय रोगहरु उष्ण र उप-उष्ण क्षेत्रमा रहेका १४९ देशहरूबाट प्रतिवेदन गरिएका सरूवा रोगहरूको ठूलो समूह हो जसका कारण बर्षेनी दश करोड भन्दा बढी मानिसहरूलाई असर गरेको छ र लाखौं डलरको आर्थिक भार सिर्जना गरेको छ। गरीबीको अवस्थामा रहेका मानिसहरू, वातावरणीय सरसफाईको अवस्थासन्तोषजनक नभएका स्थानहरूमा बस्ने मानिसहरू यी रोगहरूको चपेटामा परेका छन । सङ्क्रमित भेक्टर, घर-पालुवा जनावर तथा समदायमा पाईने अन्य जीव-जन्तुसगको हाम्रो नजिकको सम्बन्धका कारण पनि यस रोगको जोखिम बढेको छ । विश्व स्वास्थ्य सङ्गठनले दीगो विकास लक्ष्य प्राप्त गर्न उपेक्षित उष्ण-प्रदेशीय रोगहरूको अन्त्य गर्न २०२१-२०३० मार्ग चित्र कोरेको छ। उपेक्षित उष्ण प्रदेशीय रोगहरू (NTDs) गरीबहरूको पुरानो रोग हो जसलेविश्वका एक अर्ब भन्दा बढी मानिसहरूमा सामाजिक र आर्थिक ठूलो बोझ थपेको छ। मुख्यतः उष्ण प्रदेशीय र उप-उष्ण प्रदेशीय क्षेत्रहरूमा बसोबास गर्ने सीमान्तकृत समुदायहरू यस रोगबाट पीडित छन । प्रस्तुत मार्गनिर्देशनले रोग विशेष र क्रस-कटिङ् लक्ष्य तथा रणनीतिहरूको रूपरेखा तयार गरेको छ र सम्पूर्ण उपेक्षितउष्ण प्रदेशीय रोगहरूले समुदायको आवाजलाई प्रतिनिधित्व गरेको छ । दीगो विकास लक्ष्यहरू

प्राप्त गर्नउपेक्षाको अन्त्य गरौं भन्नेनारा दिइएको छ।विश्व स्वास्थ्य सङ्गठनले २०१७ मा सूचीकृत गरेका २० वटा उपेक्षित उष्ण-प्रदेशीय रोगहरू मध्य **नेपालमा पाइएका उपेक्षित उष्ण-प्रदेशीय रोगहरू तल उल्लेख गरिएको छ।**




१. कुष्ठ-रोग
२. हात्तीपाइले
३. जुका
४. डेगी र चिकनगुनिया
५. रेबिज
६. सर्पदंश
७. लुतो
८. कालाजार
९. फित्ते-जुका
१०. खस्रे रोग (ट्रकोमा)
११. माइसेटोमा

# १. कुष्ठरोग

## १.१ परिचय

कुष्ठरोग एउटा दीर्घ रोग हो। प्रायः यो कम सङ्क्रामक रोग भित्र पर्दछ । यो माईकोव्याक्टेरियम लेप्रे ( Mycobacterium Leprae) नामक किटाणुले गराउँछ। यसले छाला तथा हात-खट्टाको स्नायुलाई असर गर्छ। मानिसको शरीरमा कुष्ठरोगको किटाणुले प्रवेश गरेपछि यदि त्यस मानिसमा कुष्ठरोगको किटाणुविरुध्दको प्रतिरोधात्मक शक्ति कमजोर भएमा साधारणतया २ देखि ५ वर्षभित्र यो रोगको प्रारम्भिक लक्षण तथा चिह्नहरू देखा पर्न सक्छन् ।

## १.२ कुष्ठरोग सर्ने तरिका

हरेक मानिसको शरीरमा कुनै पनि सरुवा रोगको विरुद्ध लड्ने शक्ति हुन्छ।त्यस्तो शक्तिले शरीर भित्र पसेका रोगका कीटाणहरूलाई नष्टपारी रोग लाग्नबाट बचाउँछ । अध्ययन अनुसन्धानबाट के थाहा पाइएको छ भने ९५% मानिसहरूमा कुष्ठरोगसँग लड्ने क्षमता बलियो हुन्छ । कुष्ठरोग लागेका तर उपचारमा आइसकेका व्यक्तिबाट अरुलाई यो रोग सर्दैन किनकि यो रोगको एक मात्रा औषधीको सेवनले नै किटाणुनिष्क्रिय भई अरुलाई सर्दैन । यो रोग उपचार शुरु नगरेका कुष्ठ-रोगका बिरामीबाट मात्र अरुलाई सर्न सक्दछ। यो रोग मुख्यतया श्वास प्रश्वासको माध्यमबाट सर्दछ। धेरैकिटाणु भएको र उपचार नगरेको बिरामीले श्वास फेर्दा वा हाछ्यु गर्दा कुष्ठ-रोगका किटाणहरू बिरामीको शरीरबाट बाहिर आउँछन र निरोगी व्यक्तिले सास लिँदा उसको शररीरमा प्रबेश गर्दछन । भीड-भाड वा धेरै मान्छे एकै ठाउँमा बस्ने, सुत्ने गरेमा यो रोग सर्ने सम्भावना बढी हुन्छ।

## १.३ कुष्ठरोगमा देखिने लक्षण तथा चिह्नहरू

- छालामा रातो वा फुस्रो दाग भएको देखा पर्नु
- दाग भएको ठाउँमा चेतना शक्ति हराउनु
- अनुहारको छाला बाक्लो हुनु वा चम्किनु
- हात-खट्टा झमझमाउनु, मांसपेशीमा कमजोरी आउनु, स्नायु सुनिनु, दुख्नु, खुट्टा सुन्निनु, नदुख्ने घाउ( Ulcer) हुनु,
- आखाको मांसपेशीमा कमजोरी आउनु, आखाँ बन्द गर्न नसक्नु, आँखी भौं झर्नु
- कानको लोती बाक्लो हुनु वा गिर्खा आउनु
- शरीरमा गिर्खाहरू देखा पर्नु
- कहिलेकाहिं बिरामीले कुष्ठ रोगमा देखिने प्रतिक्रिया (reaction) १ वा २ का लक्षणहरू सहित आउनसक्छन (यस अवस्थामा गलत निदान हुने सम्भावना प्रवल हुन सक्छ), यस्ता लक्षणहरू लिएर आएमा शङ्का गर्नु पर्दछ,


## १.४ कुष्ठरोगको निदान

तलका तीनवटा मुख्य चिह्न (Cardinal Sign) मध्ये कुनै एक वटा चिह्न देखिएमा कुष्ठरोगको निदान गर्नसकिन्छ।

- छालामा रातो वा फुस्रो दाग देखा पर्नु र दागमा स्पर्शशक्ति हराउनु
- स्नायु(Peripheral Nerve) सुन्निएर सम्बन्धित स्नायुबाट संचालित भागहरूमा कार्यक्षमतामा ह्रास आउनु( स्पर्श शक्ति हराएमा वा मांशपेशी कमजोर भएमा)
- छालाको (Slit Skin Smear) जाँच गर्दा कुष्ठरोगका किटाण देखा परेमा

## १.५ बुद्धभूमि नगरपालिकामा कुष्ठरोगको इपिडेमियोलोजी तथा कुष्ठरोगका सुचकहरुको तुलानत्मक स्थिति


### १.५.१ रजिष्ट्र प्रिभेलेन्स (प्रकोप) दर (प्रति १०००० जनसंख्यामा) तुलनात्मक स्थिति




*स्रोतः* ***DHIS2***

विगत तीन बर्षको तथ्यांकका आधारमा हेर्दा कुष्ठरोगको प्रकोप दर (प्रति १०००० जनसंख्यामा) समग्रमा हेर्दा बढेको पाइन्छ । लुम्बिनी प्रदेशको आ.व.२०७८।०७९= १.१४, आ.व.२०७९।०८० = १.०८, आ.व.२०८०।०८१ = १.२ रहेको छ । त्यसैरी कपिलवस्तु जिल्लाको अवस्था हेर्दा आ.व.२०७८।०७९= १.७६, आ.व.२०७९।०८० = २.३९, आ.व.२०८०।०८१ = २.७ रहेको छ भने बुद्धभूमि नपगरपालिकामा भने आ.व.२०७८।०७९= १.६७, आ.व.२०७९।०८० = २.९, आ.व.२०८०।०८१ = १.२७ कुष्ठरोगको प्रकोप दर (प्रति १०००० जनसंख्यामा) रहेको तथ्यांकले देखाएको छ ।

### १.५.२ बुद्धभूमि नगरपालिकाको ३ बर्षको कुष्ठरोगको तत्थ्यांक




*स्रोतः बुद्धभूमि नगरपालिका, स्वास्थ्य शाखा,* ***DHIS2***

बुद्धभूमि नगरपालिकाको गत तीन बर्षको तथ्यांक हेर्दा नयाँ कुष्ठरोग बिरामी पत्ता लाग्ने दर पहिलो आ.व.को तुलनामा दोस्रो आ.वमा बढेको देखिएता पनि तेस्रो आ.व.मा भने घटेको देखिन्छ । माथिको तथ्यांकलाई हेर्दा आ.व.२०७८।०७९ = १६.६४ प्रतिशत, आ.व.२०७९।०८० = २८.९७ प्रतिशत, आ.व.२०८०।०८१ = १२.७१ प्रतिशत रहेको देखिन्छ ।

तीन बर्षको तथ्यांकका आधारमा हेर्दा कुष्ठरोगको नयाँ बिरामीको संख्या पनि पहिलो आ.व.को तुलनामा दोस्रो आ.वमा बढेको देखिएता पनि तेस्रो आ.व.मा भने केही संख्यामा घटेको देखिन्छ ।। माथिको तथ्यांकलाई हेर्दा आ.व.२०७८।०७९ = १३ जना, आ.व.२०७९।०८० = २३ जना , आ.व.२०८०।०८१ = १० जना रहेकोमा जस मध्ये । आ.व.२०७८।०७९ = ८४.६२ प्रतिशत, आ.व.२०७९।०८० = ३४.७८ प्रतिशत, आ.व.२०८०।०८१ = ८० प्रतिशत महिला अनुपात देखिएको छ । त्यसै गरी तीन वटै आर्थिक बर्षमा नयाँ बिरामीमा बच्चाको प्रतिशत भने शून्य रहेको छ । त्यसै गरी कुष्ठरोग प्रकोप दर प्रति १० हजारमा माथिको तथ्यांकलाई हेर्दा आ.व.२०७८।०७९ = १.६७ प्रतिशत, आ.व.२०७९।०८० = २.९ प्रतिशत, आ.व.२०८०।०८१ = १.२७ प्रतिश रहेको छ ।

## १.५.३ आर्थिक वर्ष २०८०/०८१ कुष्ठरोगका सूचकहरुको स्वास्थ्य संस्था अन्तर्गतको तुलानत्मक स्थिति

| वार्ड नं | स्वास्थ्य चौकी | नयाँ विरामी पत्ता लाग्ने दर | रजिष्टर प्रिभेलेन्स दर प्रति १०००० | नयाँ विरामीको संख्या | नयाँ विरामीमा महिला अनुपात | नयाँ विरामीमा बच्चा अनुपात | नयाँ विरामीमा एम बी प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | महेन्द्रकोट स्वास्थ्य चौकी | ० | ० | ० | ० | ० | ० |
| २ | जयनगर स्वास्थ्य चौकी | १९.४१ | १.९४ | २ | ५० | ० | १०० |
| ३ | दुबिया स्वास्थ्य चौकी | १७.०७ | १.७१ | १ | १०० | ० | ० |
| ४ | बुड्ढी स्वास्थ्य चौकी | १५.१२ | १.५१ | १ | ० | ० | १०० |
| ५ | राजपुर स्वास्थ्य चौकी | १८.२५ | १.८३ | १ | ० | ० | १०० |
| ६ | महुवा स्वास्थ्य चौकी | ४५.०९ | ४.५१ | ३ | ३३ | ० | १०० |
| ७ | मानपुर स्वास्थ्य चौकी | २०.८२ | २.०८ | १ | १०० | ० | १०० |
| ८ | हरिहरपुर स्वास्थ्य चौकी | ० | ० | ० | ० | ० | ० |
| ९ | बरकुलपुर स्वास्थ्य चौकी | ८.८१ | ०.८८ | १ | १०० | ० | ० |
| १० | धनकौली स्वास्थ्य चौकी | ० | ० | ० | ० | ० | ० |

*स्रोतः बुद्धभूमि नगरपालिका, स्वास्थ्य शाखा, DHIS2*

## २. हात्तीपाइले (Lymphatic Filariasis)

### २.१ परिचय

हात्तीपाइले क्युलेक्स जातको सङ्क्रमित पोथी लामखुट्टेको टोकाइबाट सर्ने सरूवा रोग हो। हात्तीपाइलेउचेरेरिया ब्याङक्रफ्टी नामको परजीवीबाट हुन्छ । यो मसिनो धागो जस्तो हुन्छ। यस रोगले मानिसको लसिका प्रणाली (Lymphatic System) मा असर गर्दछ, जसका कारण शरीरका विभिन्न अङ्गहरू अस्वभाविक रूपमा बृद्धि हुने गर्छन । यस रोगको कारण पटक पटक हात-खुट्टामा दुखाइ भइरहन्छ। पछि गएर अपाङ्गता हुने सम्भावना रहन्छ । जसको कारण सामाजिक लान्छना र भेदभाव सहनु पर्ने हुन्छ। विश्वका ७२ जोखिम देशहरू मध्ये ४९ देशहरूमा बसोबास गर्ने झण्डै ८४ करोड मानिसहरू अझै यस रोगको जोखिममा रहेका छन । सुरक्षित औषधीको सेवनले यस रोगको जोखिमलाई घटाउन सकिन्छ। औषधीको सेवन पश्चात २३ देशमा बसोबास गर्ने लगभग ६० करोड मानिसहरू यस रोगको जोखिमबाट सुरक्षित भइसकेका छन । संसारका ७२ मध्ये २१ संक्रमित देशहरूले आम औषधी सेवन कार्यक्रम सम्पन्न गरिसकेका छन।

### २.२ हात्तीपाइले रोगका लक्षण तथा चिह्नहरू

१. लक्षण बिनाका अवस्था(Asymtoptomatic microfilaremia)
२. लक्षण सहितको चिह्नहरू (Symtoptomatic microfilaremia)
३. दीर्घ अवस्था (ChronicManifestations)

#### २.२.१. लक्षण बिनाका अवस्था (Asymtoptomatic microfilaremia_

- प्राय मानिसमा लक्षण नै नदेखिने हुन्छ,
- माइक्रो-फाइलेरिया सङ्क्रमित व्यक्तिको रगतमा देखा पर्छ,
- अल्ट्रा-साउन्डमा लिम्फ ग्रन्थीहरु सुन्निएको वा जुकाको पोको देखिन्छ,
- अण्डकोषको अल्ट्रासाउण्ड गर्दा माइक्रो-फाइलेरिया नाचेको जस्तो देखिन्छ जसलाई Filarial dance signपनि भनिन्छ।

#### २.२.२लक्षण सहितको चिह्नहरू (Symtoptomatic microfilaremia)

**एक्कासि देखापर्ने लक्षणहरू**

- उच्च ज्वरो आउनु, लिम्फ ग्रन्थी रातो हुनु, सुन्निनु
- अण्डकोष सुन्निनु

**पटक पटक देखिने लक्षणहरू**:

- अण्ड-कोष सुन्निनु
- खटुटा सुन्निनु, गुप्ताङ्ग सुन्निनु, स्तन सुन्निनु
- Tropical Pulmonary Eosinophilic Syndrome
- इस्नोफिल धेरै बढ्नु, हल्का ज्वरो आउनु, दम बढनु, फोक्सोको दीर्घ रोगी हुनु

#### २.२.३. दीर्घ अवस्था (Chronic Manifestations)

शरीरमा भएका जुकाको कारणले गर्दा प्रतिक्रिया भइ सुन्निएको बढ्दै जानुका साथैकिटाणुहरुको संक्रमणको कारणले झन झन सुन्निने बढ्दै जान्छ। पटक पटक सुन्निने गर्दा छाला बाक्लो हुदै जान्छ। पटक पटक क्षतिका कारणले गर्दा खुट्टाहरु झन झन सुन्निदै जान्छ जुन हात्तीको खुट्टा जस्तै हुन्छ त्यस्तै पुरुषको अण्डकोष सुन्निदै जान्छ।

- हात वा खुट्टा सुन्निनु प्रायः तल्लो खुट्टा सुन्निन्छ, कहिलेकाँही हात पनि सुन्निन्छ, विरलै दुइवटै हातखुट्टासुन्निन्छ
- गुप्ताङ्ग र स्तनमा असर गर्छ र विस्तारै सुन्निदै जान्छशुरुवाती अवस्थामा छाला नरम हुन्छ र थिच्दा खाल्टो पर्छ, पछि गएर छाला बाक्लो हुन थाल्छ र थिच्दा खाल्टो पर्दैन।
- छाला दोब्रिनु, गिर्खा देखा पर्नु र मुसो पलाउनु र
- घाउहरू निको नहुनु ।
- पिसाबमा सेतो दूध जस्तो देखा पर्नु

### २.३ निदान, उपचार र रोकथाम

Filarial lymphedema एकिन गर्ने तरिका

- MicroscopyM Detection of Microfilariae – -collect blood between 10pm to 2am
- Immunochromatic test cards -high sensitivity
- Immunochromatic test -ICT
- Filariasis Test Strip -FTS
- UltrasoundM æfilarial dance signÆ in intra–scrotal lymphatic vessels -too low sensitivity

## २.४ उपचार तथा व्यवस्थापन

बिरामी भएमा (Case based_M Diethylcarbamazine Citrate -DEC_ and Albendazole-ALB_


• DEC ± ALBM -Single dose_
• DECM 6mg÷kg for 12 days

शल्य-चिकित्साबाट गरिने उपचार (Surgical corrections)

- हाईड्रोशिलः शल्यक्रिया गर्दा पूर्ण रूपमा निको हुन्छ। अस्पतालमा यसको उपचार निःशुल्क गरिन्छ र
- लिम्फोडेमाः कस्मेटिक शल्यक्रिया वा सूक्ष्म शल्यक्रिया गर्दा उपलब्धी एकदमै कम हुन्छ।

## २.५ बुद्धभूमि नगरपालिकामको हात्तीपाइलेको इपिडेमियोलोजी तथा वर्तमान अवस्था

### २.५.१ बुद्धभूमि नगरपालिकाको हात्तीपाइले विरुद्धको आम औषधि सेवनको अवस्था




*स्रोतः जिल्ला स्वास्थ्य कार्यलय कपिलवस्तु, बुद्धभूमि नगरपालिका,स्वास्थ्य शाखा*

विगत १६ बर्षदेखि कपिलवस्तु जिल्लामा हात्तिपाइले विरुद्धको आम औषधि सेवान अभियान संचालन भएता पनि हात्तिपाइले रोग निवारण हुन सकेको छैन । अहिले पनि कपिलवस्तुमा प्रति १० हजारमा १ प्रतिशतभन्दा कम प्रकोपदर हुनु पर्नेमा कपिलवस्तु जिल्लामा भने ८.३९ प्रतिशत प्रकोपदर रहेको छ । गत तीन बर्षको हात्तिपाइले विरुद्धको आम औषधि सेवान अभियानको तत्थ्यांकको आधारमा आ.व.२०७८।०७९ मा १०१ प्रतिशत, आ.व.२०८०।०८१ मा ८१.३४ प्रतिशत रहेको थियो भने आ.व. २०८०।)०८१ मा ८२ प्रतिशतले आम औषधि सेवन गरेको तत्थ्यांक रहेको छ ।

### २.५.२ विभिन्न स्वास्थ्य संस्थाहरु अर्न्तगत हात्तिपाइले प्रभावितको वर्तमान अवस्था

| वार्ड नं | स्वास्थ्य चौकी | खुट्टा, हात सुन्निने र लिम्फेडेमा | हाइड्रोसेल/ र तन सुन्निने | दुबै | सामान्य | मध्यम | जटिल | जम्मा | जम्मा पुरुष | जम्मा महिला |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | महेन्द्रकोट स्वास्थ्य चौकी | ५ | ३० | ० | ११ | २४ | ० | ३५ | ३१ | ४ |
| २ | जयनगर स्वास्थ्य चौकी | १० | २३ | ० | ३१ | २ | ० | ३३ | २५ | ८ |
| ३ | दुबिया स्वास्थ्य चौकी | १ | १४ | ० | १४ | १ | ० | १५ | १४ | १ |
| ४ | बुड्ढी स्वास्थ्य चौकी | २ | ३६ | ० | ३६ | २ | ० | ३८ | ३८ | ० |
| ५ | राजपुर स्वास्थ्य चौकी | ३ | ४ | ० | ६ | १ | ० | ७ | ५ | २ |
| ६ | महुवा स्वास्थ्य चौकी | २ | १७ | ० | १२ | ५ | २ | १९ | १८ | १ |
| ७ | मानपुर स्वास्थ्य चौकी | ७ | १० | ० | १६ | ० | १ | १७ | ११ | ६ |
| ८ | हरिहरपुर स्वास्थ्य चौकी | ७ | ८ | ० | ११ | ४ | ० | १५ | १० | ५ |
| ९ | बरकुलपुर स्वास्थ्य चौकी | ८ | ३९ | ० | ४४ | ३ | ० | ४७ | ३९ | ८ |
| १० | धनकौली स्वास्थ्य चौकी | ३ | १५ | ० | १७ | १ | ० | १८ | १६ | २ |
| **जम्मा** | | ४८ | १९६ | ० | १९८ | ४३ | ३ | २४४ | २०७ | ३७ |

*स्रोतः बुद्धभूमि नगरपालिका, स्वास्थ्य शाखा*

आ.व. २०७९।०८० मा हात्तिपाइलेको आम औषधि सेवन पश्चात स्वास्थ्य कार्यालय कपिलवस्तुले संचालन गरको हात्तिपाइले रोग व्यबस्थापन तथा अपांगत न्यूनिकरण नक्शांकनका आधारमा बुद्धभूमि नगरपालिकामा जम्मा २४४ जना (४८ जना हात तथा खुट्‌टा सुन्निएका, १९६ जना हाइड्रोशिल भएका) त्यस मध्ये १९८ जना सामान्य असर देखिएका, ४३ जना मध्यम असर देखिएका र ३ जनामा गम्भीर असर देखिएका बिरामीहरुको तत्थ्यांक रहेको छ । यि २४४ जना प्रभावित व्यक्तिहरुको तत्थ्यांकबाट १० प्रतिशत केश लिई प्रमाणिकरण गर्दा ९२ प्रतिशतमा हात्तिपाइले भएको पुष्टि भएको छ ।

## ३. जुका (Soil-Transmitted Helminths)

### ३.१ परिचय

विभिन्न प्रजातिका परजिवीकारण जुकाको सङ्क्रमण हुन्छ। सरसफाईको अवस्था राम्रो नभएका स्थानहरूमा सङ्क्रमित मानिसको दिसामा पाईने जुकाका अण्डाहरूबाट सङ्क्रमण हुन्छ। संसार भरमा बर्षेनी झण्डै १५ करोड मानिसहरूमा जुकाको सङ्क्रमण पाईएको छ । जुकाको संक्रमण भएका बाल-बालिकाहरू कुपोषितहुनुका साथै शारीरिक रूपमा समेत कमजोर हुन्छन। सरसफाईको व्यवस्थापनमा सुधार ल्याउन सकेमा
र उचित किसिमको स्वास्थ्य शिक्षा प्रदान गर्न सकेमा जुकाको संक्रमणबाट बाच्न सकिन्छ। संक्रमण भई
हालेमा पनि सुरक्षित र प्रभावकारी औषधीबाट उपचार गर्न सकिन्छ।

### ३.२ जुका सर्ने तरिकाः

- सङ्क्रमित मानिसले दिसा गर्दा दिसा संगैनिस्कने अण्डाहरूको सम्पर्कबाट अर्को व्यक्तिमा सर्दछ।
- बयस्क जुकाहरू मानिसको आन्द्रामा बस्दछन र हरेक दिन हजारौं अण्डा पार्दछन, खुल्ला रूपमा दिसागर्ने स्थानहरूमा दिसा सँगै निस्किएका अण्डाहरू माटोमा मिसिन पुग्छन र ती अण्डाहरु १ वर्ष सम्ममाटोमा बाँच्न सक्छन ।
- राम्रोसंग सफा नगरिएको तथा नपकाईएको सागपातको सेवन बाट पनि संक्रमण हुनसक्छ।
- दुषित पानी पिउनाले पनि सङ्क्रमण हुनसक्छ।
- माटोमा जुकाका फुलहरू हुनसक्ने हुनाले साना बालबालिकाहरू माटोमा खेल्दा, हातखुट्टा सफा नगरी खाँदा, मुखमा अण्डाहरू पगेर सङक्रमित हुन सक्छन् ।
- अङकुसे जुकाका अण्डाहरू माटोमैलार्भाको रूपमा विकसित हुन्छन, खाली खुट्टा हिंड्दा यिनीहरू छाला छेंडेरै मानिसको शरीरमा प्रवेश गर्न सक्दछन ।

### ३.३ जुकाको लक्षण तथा चिह्नहरूः


- वाकवाकी लाग्नु, वान्ता हुनु
- पेट दुख्नु , पेट सुन्निन
- खाना रुची नहुनु
- कमजोरी महशुस गर्नु
- अनुहार फुस्रो देख्नु
- थकाई महशुस गर्नु
- शरीर चिलाउनु

### ३.४ जोखिममा रहेका समूहहरूः

- बालबालिकाहरू, बुढाबुढीहरु, प्रजनन् उमेरका महिलाहरू, जोखिमपूर्ण काममा संलग्न बयस्कहरू जस्तैः कृषि मजदुरहरू र कृषकहरू

### ३.५ बुद्धभूमि नगरपालिकाको विगत ३ बर्षको जुकाको विरामीहरुको अवस्था

### ओ.पि.डी.मा आउने जुकाका विरामीहरुको संख्या




*स्रोतः बुद्धभूमि नगरपालिका, स्वास्थ्य शाखा,* ***DHIS2***

विगत तीन बर्षको तथ्यांकका आधारमा हेर्दा जुकाको विरामीको संख्या लुम्बिनी प्रदेश, कपिलबस्तु जिल्ला र बुद्धभूमि नगरपालिकाको पहिलो आ.व को तुलनामा दोस्रो आ.व.मा घटेता पनि दोस्रो आ.ब.मा भने बढेको देखिन्छ । लुम्बिनी प्रदेशको अवस्था हेर्दा आ.व. २०७८।०७९= ५५७६५ जना, आ.व.२०७९।८० = ५४९७२ जना, आ.व.२०८०।०८१ = ५६२७८ जना रहेको तत्थ्यांकले देखाउँछ । त्यसैरी कपिलवस्तु जिल्लाको अवस्था हेर्दा आ.व. २०७८।०७९= ५६७५ जना, आ.व.२०७९।८० = ५४७९ जना, आ.व.२०८०।०८१ = ६४६५ जनामा जुकाको विरामी रहेकोमा बुद्धभूमि नगरपालिकामा भने आ.व. २०७८।०७९= ८०३ जना, आ.व.२०७९।८० = ७६६ जना, आ.व.२०८०।०८१ = ९७३ जना रहेको तत्थ्यांकले देखाउँछ

बुद्धभूमि नगरपालिकाका विभिन्न स्वास्थ्य संस्था तह अन्तर्गत विश्लेषण गर्दा आर्थिक बर्ष २०८०।०८१ मा रिपोट गरिएका जुकाका बिरामीहरुको स्वास्थ्य संस्था अनुसारको विवरण निम्न अनुसार रहेको छ ।

| संकेत | वार्ड नं | स्वास्थ्य चौकी | २०८०/२०८१ |
|---|---|---|---|
| ओ.पि.डी.मा आउने जुकाका विरामीहरुको संख्या | १ | महेन्द्रकोट स्वास्थ्य चौकी | १७१ |
| | २ | जयनगर स्वास्थ्य चौकी | ५१ |
| | ३ | दुबिया स्वास्थ्य चौकी | ९२ |
| | ४ | बुड्ढी स्वास्थ्य चौकी | ८६ |
| | ५ | राजपुर स्वास्थ्य चौकी | ९२ |
| | ६ | महुवा स्वास्थ्य चौकी | १६३ |
| | ७ | मानपुर स्वास्थ्य चौकी | १०९ |
| | ८ | हरिहरपुर स्वास्थ्य चौकी | ५१ |
| | ९ | बरकुलपुर स्वास्थ्य चौकी | ९५ |
| | १० | धनकौली स्वास्थ्य चौकी | ६३ |
| जम्मा | | | ९७३ |

*स्रोत: बुद्धभूमि नगरपालिका, स्वास्थ्य शाखा,* ***DHIS2***

## ४. रेविज

### ४.१ परिचय

रेविज बौलाहा जनावरको टोकाइबाट मानिसमा सर्ने प्राण-घातक रोग हो। यो रोग लागेपछि उपचार हुदैनतर समयमै सावधानी अपनाउन सकेमा यो रोगबाट बच्न सकिन्छ। यो रोग लिसा-भाइरस (Lyssa Virus) को कारणले हुने गर्दछ । रेबिज रोग लागेको जनावरले टोकेमा वा रयाल (Saliva) माध्यमले घाउ वा चोटपटक लागेको ठाँउमा चाटेमा सर्दछ ।

| **४.२ रेबिजका लक्षण तथा चिह्नहरू** | **निदानको आधारः** |
|---|---|
| ● ज्वरो आउनु | ● बिरामीलाई सोधपछ |
| ● टाउको दख्नु | ● लक्षण तथा चिह्नहरू |
| ● टोकेको ठाउँमा दुख्ने वा झमझमाउनु | ● शारीरिक परिक्षण, |
| ● पानी तथा हावादेखि डराउनु | ● बायोप्सी |
| ● झट्का हान्नु, मांसपेशी खुम्चिनु तथा कक्रिनु | |
| ● आँखाको नानी ठूलो हुनु | |
| ● पसिना बढी मात्रामा आउनु | |
| ● रयाल बग्नु वढि मात्रामा आसँ आउनु | |
| ● रिस उठ्नु, छटपटी लाग्नु, निरास हुनु र मरिन्छ की भन्ने डर लाग्नु | |
| ● बेहोस हुनु वा मत्यृ हनु आदि । | |

### ४.३ रेबिजको रोकथाम र नियन्त्रणका उपायहरू (यदि कसैलाई बौलाहा वा शङ्कास्पद कुकुर वा जङ्गली जनावरले टोक्यो भने निम्न उपायहरू अपनाउनु पर्छ)

- जनावरले टोकेको घाउलाई तुरुन तु्त साबुन पानीले १०-१५ मिनेट सम्म राम्ररी सफा गर्ने;
- साबुन पाइएन भने पानीले मात्रै भएपनि पखाल्ने
- उपलब्ध भएमा घाउलाई ७०% ईथानल अल्कोहल वा पोभिडिन आयोडिन लगाउने
- चिकित्सकको सल्लाह बमोजिम रेबि ज विरुध्द खोप लगाउने।

### ४.४ रोकथाम तथा नियन्त्रणको उपायहरू

- सचेतना कार्यक्रम
- केसहरुको सूचीकरण
- आइसोलेशन
- दुषित निवारण,
- खोप,
- प्रि-एक्सपोजर प्रोफाइल्याक्सिस,
- पोष्ट-एक्सपोजर प्रोफाइल्याक्सिस,
- स्वास्थ्यकर्मीहरुले ससरक्षाका उपायहरूको अबलम्बन।
- 

बुद्धभूमि नगरपालिकाको स्वास्थ्य शाखाको ***DHIS2*** को तत्थ्यांकका आधारमा हेर्दा कुकुरको टोकाइका घटनाहरु निम्न अनुसार रहेका देखिन्छ ।

| **वार्ड नं** | **स्वास्थ्य चौकी** | **२०७८ /२०७९** | **२०७९ /२०८०** | **२०८० /२०८१** |
|---|---|---|---|---|
| **१** | महेन्द्रकोट स्वास्थ्य चौकी | १ | ० | १ |
| **२** | जयनगर स्वास्थ्य चौकी | ० | ० | ३ |
| **३** | दुबिया स्वास्थ्य चौकी | ० | १ | ० |
| **४** | बुड्ढी स्वास्थ्य चौकी | ० | २ | ० |
| **५** | राजपुर स्वास्थ्य चौकी | ० | ० | ० |
| **६** | महुवा स्वास्थ्य चौकी | ० | ० | ० |
| **७** | मानपुर स्वास्थ्य चौकी | ० | ० | ० |
| **८** | हरिहरपुर स्वास्थ्य चौकी | ० | ० | ० |
| **९** | बरकुलपुर स्वास्थ्य चौकी | २ | ० | २ |
| **१०** | धनकौली स्वास्थ्य चौकी | ० | ० | ० |
| **जम्मा** | | ३ | ३ | ६ |

स्रोत : स्वास्थ्य शाखाको ***DHIS2***

## ५. सर्पदंश

### ५.१ परिचय

सर्पदंश नेपालमा मखुय जनस्वास्थ्य समस्याको रूपमा रहेको छ ।नेपालको तराई क्षेत्रमा सर्पदंशलाई ज्यानै जाने एक प्रमख समस्याको रूपमा लिन सकिन्छ । (मखुय समस्याः प्रदेश २ र लुम्बिनी प्रदेश) सन २००९ मा विश्व स्वास्थ्य सङ्गठनले नेपालमा यस समस्यालाई उपेक्षित उष्णप्रदेशीय रोगहरुको रूपमा समावेश गरेकोहो। विश्व स्वास्थ्य सङ्गठनको लक्ष्य अनुरूप सन २०३० सम्म सर्पदंशका कारण हुने मत्यृ र अपाङ्गतालाई ५० प्रतिशतले कम गराउने उद्देश्य रहेको छ। यस रोगको जोखिममा कृषकहरू तथा कृषि कार्यका मजदरहरू, माछा मार्नेहरू,सपेराहरू तथा बालबालिकाहरू रहेका छन।

### ५.२ सर्पदंशका लक्षण तथा चिह्नहरू

**गोमन तथा करेत जस्ता सर्पहरूको विष स्नायुहरूमा असर गर्छ र पक्षघात गराउने खालका लक्षणहरू हुन्छन् ।**

- डसेको भागमा सर्पको दाँतको चिह्न देखिन सक्छ, तर सधैँ यो देखिन्छभन्ने छैन, डसेको भाग दख्ने सुन्निने, घाउ हुने, फोका उठ्ने, नीलडाम बस्ने,
- आखाको माथिल्लो ढकनी खोल्न नसक्ने, धमिलो देख्ने एउटै वस्तु दुईवटा देख्ने आँखाको नानी ठुलो हुने र टर्चले हेर्दा कुनै प्रतिक्रिया नदेखाउने
- थुक  निल्न गाह्रो हुने, मुखबाटर्याल बगिरहने, खाना निल्न नसक्ने, स्वाद र सुघ्ने शक्ति घट्दै जाने, जिब्रो दाँत भन्दा बाहिर निकाल्न नसक्ने, मुख खोलन नसक्ने, स्वर परिवर्तन हुँदै जाने, बोल्न नसक्ने,
- वाकवाकी लाग्ने, बान्ता हुने, पेटदुख्ने, कमजोरी महसुस हुने, चक्कर लाग्ने,
- रक्तचाप घट्दै जाने, बेहोस हुने, मुटुको चालमा गडबडी आउने,
- अनुहार रातो हुने, सास फेर्न गाह्रो हुने, रिँगटा लाग्ने, पसिना आउने, छाती भारी हुने, घाँटी अड्याउन नसक्ने,
- हातखुट्टा झमझमाउने, लुलो हुने र पूरै शरीरको पक्षघात हुने जस्ता लक्षणहरू देखिन्छ,
- पछिगएर डसेको ठाँउमा सङ्क्रमण हुने, पाक्ने र अङ्ग नै कुहिने पनि हनुछ मृगौलाले काम नगर्ने हनुछ ।
- भाइपर जातका सर्पहरूको विषले रगत जम्ने प्रक्रियामा असर गर्ने भएकाले निम्न खालका लक्षणहरू देखा पर्छन
- डसेको ठाँउबाटरगत बग्ने साथै गिजा, नाक, मखबाटरगत बग्ने, छालामा मसिना र ठुलाठुला राता दागहरू देखिने, रगत बान्ता हुने, खकारमा रगत देखिने , पिसाबमा रगत देखिने , मष्तिस्कमा रगत बग्ने आदि।

### ५.३ प्राथमिक उपचार तथा प्रेषण

- सर्पले डसेको व्यक्ति प्रायः अत्यन्त डराएको हुने हँदा उसलाई हौसला तथा सान्त्वना दिनुपिनुर्छ जस्तै : तपाईंलाई सर्पले नै टोकेको नहुन पनि सक्छ, सबै सर्प बिषालु हुँदैनन् तपाईंलाई डस्ने सर्पले बिष नछोडेको पनि हुनसक्छ, सर्पको डसाइका कारण मत्युनै भइहाल्छभन्नेत छैन,

- सर्पले टोकेपछिनदगुर्ने, टोकेको भागलाई धेरै चलाउनाले विष छिटो र बढी मात्रामा रगत र लिम्फमा फैलिने भएकोले उक्त भागलाई सकेसम्म नचलाउने;
- हातखट्टुटामा टोकेको छभने काम्रो लगाएर नचलाइकन राख्नुपर्छ;
- गोमन र करेतले टोकेको हो भने टोकेको भागबाटमाथि हल्का दवाब पर्नेगरी पट्टी बाँध्नुर्पछ तर एकै ठाँउमा एकदमै कसेर बाँध्नु हुँदैन। कस्सेर बाँध्नाले त्यसभन्दा मुनिकक्क भागमा रक्तसञ्चार पूरै बन्द भई उक्त भाग मर्छ; र विषका लक्षणहरू कम नभएसम्म वा स्वास्थ्य संस्थामा नपगुनुजेल त्यो प्रेशर ब्यान्डेज खोल्नुहुँदैन। सकेसम्म चाँडो बिरामीलाई नजिकको अस्पताल वा सर्पको टोकाइको उपचार हुने केन् द्रमा नसुताइकन बसालेर लग्नुप्नुर्छ। यसो गर्दा टोकेको भागलाई सकेसम्म कम चलाउने।

**५.४ सर्पले डसेमा के गर्नुहुँदैनः**

- दगुर्नु हुर्नु दैन (DO NOT RUN),
- चिर्ने वा प्वाल पार्ने गर्नुहुँदैन,
- बेस्सरी कसिने गरि बाँध्नु हुदैन,
- घाउ चसुनु हुँदैनः
- कुखराको चाक टँसाएर विष निकाल्ने काम नगर्ने, थाल टँसाउने जस्ता अन्ध विश्वासमा नलाग्ने, धामी झाक्रीकोमा नलग्ने, सपेरामाथि विश्वास नगर्ने,
- घाउमा कुनै पनि किसिमको केमिकल, मल्हम वा जडिबटी लगाउनु हँदैन।

**५.५ रोकथामका उपायहरू**

**सर्पदंशबाटबच्नका लागि अपनाउनपुर्ने सावधानीहरूः**

- सर्पलाई समाउने, जिस्काउने, मार्ने गर्नु हँदुैन र मरे जस्तो भए पनि नचलाउने;
- बालबालिकाहरूलाई सर्प आउन सक्ने ठाँउहरूबाटटाढै राख्पनुर्दछ;
- सर्पदंशबाटबच्नका लागि खेत बारीमा काम गर्दा सम्भव भएसम्म शरीर ढाकिने कपडा, बुट तथा पञ्जा लगाउन सकिन्छ;
- सकेसम्म भुँइमा नसुत्ने, सुत्नै परेमा झुल लगाएर सुत्ने, सुत्ने ठाँउसँगै कुखराको खोर राख्नुहुँदैन किनकि साना कुखुराको शिकारका लागि सर्पहरू घरभित्र छिर्दछन;
- घरवरिपरि सफा राख्नेघाँस काटने झारपात तथा कसिङ्गर हटाउने;
- घरको झ्याल ढोका राम्ररी बन्द गर्ने;
- घरभित्र मुसालाई नियन्त्रण गर्ने;
- दाउरा घरभन्दा टाढा राख्ने
- राती घरबाटबाहिर निस्कदा टर्च बालेर हिड्ने वा लठ्ठी लिएर ठ्याक ठ्याक गर्दै हिड्ने;
- हातलाई प्वाल भित्र वा रुखको प्वाल वा घाँस भित्र नछिराउने र
- जुत्ता वा लुगा लगाउनु अगाडी चेकजाँच गरेर मात्र लगाउने ।

## बुद्धभूमि नगरपालिकाको आ.व. २०८०।०८१ को सर्पदंशका बिरामिको अवस्था

| रिपोर्ट गरेको संस्था | विषालु | | अविषालु | | जम्मा |
|---|---|---|---|---|---|
| सर्पदंश उपचार केन्द्र गोरुसिङ्गे | पुरुष | महिला | पुरुष | महिला | |
| | १९ | ३२ | ४ | ७ | |
| जम्मा | १९ | ३२ | ४ | ७ | ६२ |

*स्रोत: गोरुसिङ्गे सर्पदंश उपचार केन्द्र*

बुद्धभूमि नगरपालिकामा सर्पको टोकाइका कारण आ.व. २०८०।०८१ मा सर्पदंश उपचार केन्द्र, गोरुसिङ्गे कपिलवस्तुको रेकर्ड अनुसार आ.व. २०८०।०८१ मा सर्पको टोकाइका कारण ६२ जना बिरामी (२३ पुरुष र ३९ महिला) गएकोमा ५१ जना बिरामी अविषालु सर्पको टोकाइ भएको र ११ जना बिरामी बिषलु सर्पको टोकाइ भएको तत्थ्यांकले देखाएको छ ।

# ६. लुतो

## ६.१ परिचय

लुतो छालामा लाग्ने र अत्यधिक चिलाउने एक प्रकारको सरुवा रोग हो। यो एक व्यक्ति देखि अकोव्यक्तिकोसंसर्गबाट सर्दछ। यो सबै उमेर समूहका बच्चा बुढा जो कोहीलाई पनि लाग्न सक्छ।यो सार्कोप्टेस स्क्याबी नामक परजीवीद्वारा लाग्दछ । १५ देखि २० वटा लुतोको परजीवी समस्याल्याउनका लागि पर्याप्त हनुछन। यसको समस्या विश्वका सबैजसो गर्मी ठाउँहरूमा देखिएको छ।

विश्वका झण्डै २० करोड मानिसहरूमा यो रोग जुनसकै समयमा पनि भरइरहने अनुमान गरिएको छ। प्राकृतिक तथा मानव सिर्जित विपदको समयमा यस रोगको महामारी फैलने सम्भावना रहन्छ।

## ६.२ लुतोको प्रकार

**लुतोलाई दुई प्रकारले बाँडिएको छ :**

१. **सुके लुतो** : यस्मा लुतो प्रभावित छालामा स-साना सेता दाग सोझै आँखाले देख्न सकिन्छ ।यो लुतोले दिउँसोभन्दा रातमा बढी सताउँछ।

२. **पकुवा लुतोः** लुतो आएको ठाउँमा बढी कन्याउने गर्नाले वा अन्य जीवाणको सङ्क्रमण हुनालु लुतो भएका ठाउँमा पाकेका बिबिरा देखिन सक्छन । यस्लाई पकुवा लुतो भन्ने चलन छ।

## ६.३लुतो रोग सर्ने तरिका

- लुतोको मुख्य कारण नै सार्कोप्टेस स्क्याबी नामक सूक्ष्म परजीवीको सङ्क्रमण हो,
- यिनीहरूको उपस्थिति, यसका अण्डा तथा उत्सर्जित फोहरसँग छालामा हुने एलर्जीका कारण हामीलाई चिलाएको अनुभनुव हनुछ,
- पोथी परजीवीले छालाको बाहिरी सतहभन्दा भित्र अण्डा पार्छ,
- अण्डाबाट परजीवी जन्मेपछि ती पुनः छालाको बाहिरी सतहमा निस्कन्छन र शरीरमा यत्रतत्र फैलन्छन या सम्पर्कमा आउने अन्य व्यक्तिमा सर्दछन,
- सामान्यतयाः यो रोगको सर्ने अवधि (Incubation period): २ देखि ६ हप्ताको हनुछ।

## ६.४ लक्षण तथा चिह्नहरू

**लुतोका सामान्य लक्षणहरू यस प्रकार छन् :**

- अत्याधिक छाला चिलाउने; विशेष गरी राति र तातो पानीले नुहाए पछि बढी चिलाउँछ,
- लुतो धेरै जसो काछमा, औंलाको कापमा, परुषको अण्डकोष एवम महिलाको योनीको वरिपरि, हत्केला, पैतालामा, काखीमा, कुहिनामा, स्तनको तल्लो भागमा तथा काँधमा हुने गर्छ,
- मसिना बिबिरा तथा चाला हुने गर्दछ साथै सङ्क्रमणको कारणले पाक्ने र पानी बग्ने समस्याहनुछ।

## ६.५ उपचार


- बिरामी र उस्को सम्पर्कमा आएका सम्पूर्ण सदस्यहरुलाई उपचार गर्नु पर्छ। यदि सङ्क्रमितव्यक्ति समूहमा जस्तैः व्यारेक, होस्टलमा बस्ने गरेको छ भने सबै जनालाई उपचार गर्नु पर्दछ ,
- १% गामा बेन्जिन हेग्जाक्लोराइड (Gama BenzeneHexachloride) घाँटी मुनी शरीरभरि लगाउनपर्दछ। ३ दिनपछि र १ हप्तापछि पुनः लगाउनु पर्दछ,
- लुतोको वैकल्पिक उपचारः ५ प्रतिशत पर्माथ्रिन क्रीम प्रयोग गर्न सकिन्छ,पर्माथ्रिन क्रीम (Permethrin–5Ü cream) बयस्कमा घाँटीमुनि शरीरभरि लगाउनु पर्दछ, ३दिनपछि र १ हप्ता पछि पुनः लगाउनु पर्दछ ।गर्भवती र बच्चाहरूमा पर्माथ्रिन क्रीम मात्र सरुक्षित हनुछ।

- कुनै कुनै बिरामीमा २५ प्रतिशत बेनजाइल बेनजोनेट लोशन अथवा १० प्रतिशत सल्फर मलमको प्रयोग पनि गरिन्छ।

**रोकथाम**

- ब्यक्तिगत सरसफाईमा ध्यान दिनु अति आवश्यक हनुछ जस्तैः दिनहँ साबुनपानीले मिचिमिचि नुहाउने, अरुले प्रयोग गरेको लुगाफाटा तथा विस्तारा प्रयोग नगर्ने,
- सवैलुगा फाटा तथा विस्तारा धुने वा पानीमा उमाली घाममा सुकाउने,
- स्वास्थ्य शिक्षा र सञ्चार यसबाट बच्ने उपाय बारेमा सवैलाई जानकारी दिनुपिनुर्छ ।

**बुद्धभूमि नगरपालिका को ३ बर्षको लुतोको बिरामीको अवस्था**




***स्रोत :****DHIS2*

विगत तीन बर्षको तथ्यांकका आधारमा हेर्दा लुतोका विरामीहरुको संख्या प्रदेश, जिल्ला र बुद्धभूमि नगरपालिकामा क्रमशः घटदो क्रममा रहेको पाइन्छ । लुम्बिनी प्रदेशको अवस्था हेर्दा आ.व.२०७८।०७९= १०९४७८ जना, आ.व.२०७९।०८० = ९८६३२ जना, आ.व.२०८०।०८१ = ८७८३६ जना रहेको देखिन्छ । त्यसै गरी कपिलबस्तु जिल्लाको अवस्था हेर्दा आ.व.२०७८।०७९= २००६६ जना, आ.व.२०७९।०८० = १६८८८ जना, आ.व.२०८०।०८१ = १५०३६ जना रहेको देखिन्छ भने बुद्धभूमि नगरपालिकाको अवस्था हेर्दा आ.व.२०७८।०७९= १६२६ जना, आ.व.२०७९।०८० = १६१३ जना, आ.व.२०८०।०८१ = १३१२ जना रहेको तत्थ्यांकमा देखिन्छ ।

बुद्धभूमि नगरपालिकाका स्वास्थ्य संस्थाहरुबाट तीन बर्षमा रिपोट गरिएका लुतोका बिरामीहरुको स्वास्थ्य संस्था अनुसारको विवरण

| संकेत | वार्ड नं | स्वास्थ्य चौकी | २०८०/०८१ |
|---|---|---|---|
| ओ.पि.डी.मा आउने लुतोका विरामीहरुको संख्या | १ | महेन्द्रकोट स्वास्थ्य चौकी | १०९ |
| | २ | जयनगर स्वास्थ्य चौकी | ५७ |
| | ३ | दुबिया स्वास्थ्य चौकी | १०८ |
| | ४ | बुड्ढी स्वास्थ्य चौकी | ६६ |
| | ५ | राजपुर स्वास्थ्य चौकी | ११३ |
| | ६ | महुवा स्वास्थ्य चौकी | ३५७ |
| | ७ | मानपुर स्वास्थ्य चौकी | १४९ |
| | ८ | हरिहरपुर स्वास्थ्य चौकी | ८४ |
| | ९ | बरकुलपुर स्वास्थ्य चौकी | ११६ |
| | १० | धनकौली स्वास्थ्य चौकी | १५३ |

*स्रोतः बुद्धभूमि नगरपालिका, स्वास्थ्य शाखा,* ***DHIS2***